# राष्ट्रिय आयोजना बैङ्कमा आयोजना प्रविष्टि सम्बन्धी जरुरी सूचना !

**(प्रकाशित मितिः २०८२/०५/२०)**

विनियोजन ऐन, २०८२ को दफा ७ को उपदफा (१२) मा "मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएका पूर्वाधार सम्बन्धी आयोजनाहरु कार्यान्वयन गर्नुपूर्व विषयगत मन्त्रालय वा निकायले आयोजना बैङ्कमा प्रविष्टि सम्बन्धी सवै प्रक्रिया पुरा गर्नुपर्नेछ। आयोजना बैङ्कमा प्रविष्टि भएको आयोजना एकै आर्थिक वर्षमा अध्ययन सम्पन्न गरी विनियोजित रकमको सीमाभित्र रही कार्यान्वयन गर्न सकिनेछ" भन्ने व्यवस्था उल्लेख भएको र सो प्रावधान कार्यान्वयनको लागि अर्थ मन्त्रालयको च.नं. ८६ मिति २०८२/५/१२ को पत्रबाट सहजीकरणको लागि लेखी आएको हुँदा आयोगको मिति २०८२/२/१४ को निर्णयानुसार बन्द गरिएको **आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (National Project Bank Management Information System) आयोजना बैङ्क (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ अनुसारको प्रविष्टि सम्बन्धी सवै प्रक्रिया पुरा गरी प्रविष्टि गर्न २०८२ फागुन मसान्तसम्मको लागि खुला गर्ने** भनी आयोगबाट मिति २०८२/०५/१२ मा निर्णय भएकाले सम्बन्धित सवै मन्त्रालय/निकायको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।